गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, तनहुँ

## कृषि ज्ञान केन्द्र, तनहुँको आ.व. २०८०/०८१ का कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशन भएको मिति २०८०/०९/२६)

यस केन्द्रको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्लाभित्रका कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मिति देखि २०८० माघ १८ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | अनुदान प्रतिशत | बजेट रु लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकै बीउ उत्पादन तथा मकै प्रवर्द्धन आयोजना | | | | |
| १.१ | मकै बालीको क्षेत्रफल बिस्तार तथा उत्पादन प्रवर्धन कार्यक्रम | ३० हेक्टर | बीउमा तथा यान्त्रीकरण तर्फ बढीमा ७५% र सिंचाई लगायतका पूर्वाधार निर्माणमा बढीमा ८५% अनुदान हुनेछ। बजारीकरण तर्फ बढीमा ५०% अनुदान हुनेछ। | ३० | कम्तीमा १० घरधुरी संलग्न कृषि समूह वा सहकारी मार्फत कम्तिमा १०० रोपनी क्षेत्रफलमा मकै खेती गरेको हुनु पर्नेछ। |
| १.२ | यान्त्रीकरण तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम | १० पटक | | १० | मकैको क्षेत्रफल विस्तार तथा बीज वृद्धि गर्ने कृषि समूह वा सहकारीक लागि |
| १.३ | मकैको उत्पादनोपरान्त व्यवस्थापन बजारीकरण तथा मूल्य अभिबृद्धि कार्यक्रम | १ पटक | | ६ | कृषि फर्म, कम्पनी, कृषि समूह वा सहकारी मार्फत आवेदन दिन सकिने। |

आवश्यक कागजातहरु

१। रु १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२। प्रस्तावना फारम
३। नेपाली नागरिकताको प्रमाणपत्र
४। जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
५। वडा कार्यालयको/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
६। फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ (*दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुइ आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र*)

पुनश्च : माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड पूर्णरुपमा लागू हुनेछन् । उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

२०८०।९।२६
गोपाल शर्मा लामिछाने
प्रमुख

थप जानकारीको लागि: कृषि ज्ञान केन्द्र तनहुँ फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६११४७००।